# धर्मदेवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मुढेशनिश्चरे, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

प.सं. :- २०८२/८३
च.नं. :-

# शोक बिदा सम्बन्धी सूचना

सूचना प्रकाशन मितिः २०८३/०१/३१

यस धर्मदेवी नगरपालिकाको कार्यालय अन्तर्गत रहेको आँखीभूई आयुर्वेद औषधालयमा कार्यरत कर्मचारी श्री ओम बहादुर कटुवाल (जन्मः २०२७/०८/२६) को आज मिति २०८३ साल वैशाख ३१ गते ५५ वर्षको अल्पायु मै भएको दुःखद निधनले यस धर्मदेवी नगरपालिका परिवार अत्यन्त मर्माहित तथा स्तब्ध भएको छ। स्वर्गीय कटुवाल विगत लामो समयदेखि नगरपालिकाको स्वास्थ्य सेवामा समर्पित भई इमान्दारी, कर्तव्यनिष्ठ तथा सेवाभावका साथ कार्यरत रहनुभएको थियो। उहाँको निधनले धर्मदेवी नगरपालिका परिवारले एक कर्मठ, अनुशासित तथा सेवामुखी कर्मचारी गुमाएको छ।

स्वर्गीय ओम बहादुर कटुवाल खड्ग बहादुर कटुवाल तथा गणेश कुमारी कटुवालका सुपुत्र हुनुहुन्थ्यो। उहाँका परिवारमा धर्मपत्नी विष्णु कुमारी श्रेष्ठ (कटुवाल), जेठो छोरा तथा बुहारी आशिष कटुवाल र शुशिला कटुवाल, कान्छो छोरा अभिनय कटुवाल तथा छोरीहरू गरिमा कटुवाल र करिश्मा कटुवाल रहनुभएको छ। यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामना गर्दै धर्मदेवी नगरपालिका परिवारको तर्फबाट हार्दिक समवेदना व्यक्त गर्दछौं। साथै स्वर्गीय आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।

उहाँको असामयिक निधनप्रति गहिरो शोक व्यक्त गर्दै धर्मदेवी नगरपालिका अन्तर्गतका सम्पूर्ण कार्यालयहरू तथा शिक्षण संस्थाहरुमा मिति २०८३ साल जेठ १ गते एक दिन शोक बिदा दिने निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

उदय चन्द्र पौडेल
नगर प्रमुख

उदय चन्द्र पौडेल
नगर प्रमुख

फोन नं. :०२९-४१४००६, ०२९-४१४००७, ०२९-४१४००८, gmail : dharmadevimun@gmail.com, website : www.dharmadevimun.gov.np
"कोशीको गौरव हिमालको शान, पर्यटन वर्षमा सबैलाई सम्मान"